नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, साउन ३१ गते, २०७५ साल (संख्या २०

भाग ५

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

सूचना

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी संवत् २०७५ श्रावण १ गते देखि लागू हुने गरी न्यूनतम पारिश्रमिक निर्धारण गरी देहाय बमोजिमको व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) चिया बगान बाहेकका श्रमिकका लागिः

न्यूनतम पारिश्रमिक	आधारभूत पारिश्रमिक (रु.)	महङ्गी भत्ता (रु.)	जम्मा (रु.)
मासिक	८४५५/-	४९९५/-	१३४५०/-
दैनिक	३२५/-	१९२/-	५१७/-
प्रति घण्टा	४३/-	२६/	६९/-

(ख) चिया बगानमा काम गर्ने श्रमिकका लागिः

न्यूनतम पारिश्रमिक	आधारभूत पारिश्रमिक (रु.)	महङ्गी भत्ता (रु.)	जम्मा (रु.)
मासिक	६४६९/-	४३१२/-	१०७८१/-
दैनिक	२३१/-	१५४/-	३८५/-
प्रति घण्टा	३१/-	२०/-	५१/-
चिया प्रशोधन वा चिया कारखानामा काम गर्ने श्रमिक तथा चिया बगानका सरदार, नाइके र चौकीदारको समेत दैनिक भत्ता	-	-	४२/-

द्रष्टव्यः

१. उपर्युक्त पारिश्रमिकको अतिरिक्त श्रम ऐन २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र प्रचलित कानून बमोजिम श्रमिकले पाउने सञ्चयकोष र उपदान लगायतका सुविधा प्रदान गर्नुपर्नेछ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्थानीय तह वा नेपाल कानून बमोजिम अन्य निकायलाई न्यूनतम पारिश्रमिक निर्धारण गर्ने अधिकार प्रदान गरिएकोमा त्यस्तो तह वा निकायले पारिश्रमिक निर्धारण गर्दा यो सूचनामा तोकिएभन्दा कम नहुने गरी निर्धारण गर्न सक्नेछन्।

३. उल्लिखित न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक लिने दिने गरी कुनै रोजगार सम्झौता गर्न पाईने छैन।

खण्ड ६५, संख्या ४३ मिति २०७२/१०/१८ नेपाल राजपत्र भाग ५ र खण्ड ६१, संख्या ३५ मिति २०६८/०९/११ नेपाल राजपत्र भाग ५ मा प्रकाशित श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सूचनाहरु खारेज गरिएका छन् ।

आज्ञाले,
महेश प्रसाद दहाल
नेपाल सरकारको सचिव

नेपाल सरकार
सहरी विकास मन्त्रालयको सूचना

नेपाल सरकारले खानेपानी व्यवस्थापन बोर्ड ऐन,२०६३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुनसरी जिल्लामा धरान खानेपानी व्यवस्थापन बोर्ड गठन गर्ने निर्णय गरी नेपाल खानेपानी संस्थान धरान शाखाको सम्पत्ति, दायित्व र जिम्मेवारी सो बोर्डलाई हस्तान्तरण गर्न स्वीकृती दिएकोले सोही ऐनको दफा ५ को उपदफा